आज मिती २०८२ साल कार्तिक २३ गते दिउँसो १:०० बजे गोकुलगंगा गाउँपालिकाको दोश्रो कार्यकालको ५३ औं कार्यपालिकाको वैठक गाउँपालिका अध्यक्ष श्री काजी बहादुर खड्काको अध्यक्षता तथा तपशिलका पदाधिकारीहरुको उपस्थितीमा बसी देहाय वमोजिमको विषयमा छलफल गरी निर्णय गरीयो ।

**तपशिल**

| सि.नं. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री काजी बहादुर खड्का | अध्यक्ष | | |
| २ | श्री उषा देवी कार्की | उपाध्यक्ष | | |
| ३ | श्री छत्र बहादुर वस्नेत | वडा नं. १, वडाध्यक्ष | | |
| ४ | श्री सुन्दर कुमार कार्की | वडा नं. २, वडाध्यक्ष | | |
| ५ | श्री नर विक्रम कार्की | वडा नं. ३, वडाध्यक्ष | | |
| ६ | श्री नबराज खड्का | वडा नं. ४, कार्यबाहक वडाध्यक्ष | | |
| ७ | श्री दिपक कार्की | वडा नं. ५, वडाध्यक्ष | | |
| ८ | श्री चन्द्र बहादुर सुनुवार | वडा नं. ६, वडाध्यक्ष | | |
| ९ | श्री दिर्घ माया खत्री | कार्यपालिका सदस्य | | |
| १० | श्री संगिता वि.क. | कार्यपालिका सदस्य | | |
| ११ | श्री मोहन मायाँ सुनुवार | कार्यपालिका सदस्य | | |
| १२ | श्री ज्ञान कुमारी थापामगर | कार्यपालिका सदस्य | | |
| १३ | श्री कैलाश सुनुवार | कार्यपालिका सदस्य | | |
| १४ | श्री मैना खड्का | कार्यपालिका सदस्य | | |
| १५ | श्री दिनेश भट्टराई | प्रमुख प्रशासकीय अधिकृत, सचिव | | |

गोकुलगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रस्नालु, रामेछाप
बागमती प्रदेश, नेपाल

## छलफलका विषयहरु:-

१. अघिल्लो कार्यपालिकाको बैठकका निर्णयहरुको समिक्षा गर्ने सम्बन्धमा ।

२. बजेट माग गर्ने सम्बन्धमा ।

३. मेड्पा कार्यक्रम संचालनको लागि दुई वटा वडा छनौट गर्ने सम्बन्धमा ।

४. योजनाहरुका लागि थप आवश्यक बजेट स्रोत सुनिश्चितता गर्ने सम्बन्धमा ।

क) गोकुलगंगा अस्पताल घेराबार (हाल व्यवस्थापन गरिएको बजेट रु. ५५ लाख)

ख) नामाडी स्वास्थ्य चौकी भवन निर्माण (हाल व्यवस्थापन भएको बजेट रु. ५५ लाख)

५. खेलकुद संयोजक र सह संयोजक नियुक्ति गर्ने सम्बन्धमा ।

६. शिक्षक दरवन्दी मिलान तथा पदस्थापन सम्बन्धमा ।

७. राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता संचालन गर्ने सम्बन्धमा । (शिक्षा शाखा)

८. घरेलु हिंसा अन्त्यका लागि बहस पैरवी तथा चेतनामुलक कार्यक्रम संचालन सम्बन्धमा ।(महिला विकास शाखा)

९. महिला हिंसा कानुनी साक्षरता कार्यक्रम संचालन सम्बन्धमा।(महिला विकास शाखा)

१०. गत आ.व. २०८१/०८२ मा स्थापना भएकों गाई/भैसी पकेट विकास कार्यक्रमको निरन्तरता सम्बन्धमा ।(पशु विकास शाखा)

११. वंगुर स्रोत केन्द्र कार्यक्रम सञ्चालन सम्बन्धमा ।(पशु विकास शाखा)

१२. कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालन सम्बन्धमा ।(पशु विकास शाखा)

१३. विभिन्न विषयगत समिति पुनःगठन सम्बन्धमा ।

१४. "घ" बर्गको फर्मलाई व्यवसाय इजाजत दिने सम्बन्धमा ।

- श्री आरभी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि., गोकुलगंगा ४ बेताली

१५. विविध सम्बन्धमा ।

दिनेश भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

काजी बहादुर खड्का
अध्यक्ष

__निर्णयहरु:-__

__निर्णय नं. १__

प्रस्ताव नं. १ माथि छलफल गरी अघिल्लो वैठकको निर्णय कार्यान्वयनको समीक्षा गर्ने निर्णय गरीयो।

__निर्णय नं. २__

प्रस्ताव नं. २ माथि छलफल गर्दा खिम्ती फर्पु नामाडी सडक खण्डको १५ किमी भित्र विभिन्न स्थानमा मिति २०८१/०६/११ देखि १३ गते र २०८२/०६/१७ देखि २१ को अत्यधिक अविरल बर्षाको कारण बाढी र पहिरोले मन्थली खिम्ती फर्पु नामाडी गर्जाङ्ग सडक अन्तर्गत फर्पु नामाडी खण्डको सडक भासिने देखि सडक कटान भई अत्यधिक क्षेति भएको र बैकल्पिक बाटो समेत बनाउनु पर्ने देखिएको र उक्त सडक स्तरउन्नति तथा बैकल्पिक सडक निर्माणका लागि गाउँपालिकास्तरको आर्थिक श्रोतले बजेट ब्यबस्थापन गर्न नसकिने हुँदा **संघीय सरकार र प्रदेश सरकारको विपद ब्यबस्थापन समिति र सम्बन्धित मत्रालयलाई** बजेट माग गर्ने निर्णय सर्वसहमतीमा पारित गरियो ।

__निर्णय नं. ३__

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गोकुलगंगा गाउँपालिका कार्यालयको चालु आ.व. ०८२/८३ मा लघु उद्यम विकास शाखा तर्फ नयाँ उद्यमी श्रृजना गर्न तथा पुराना उद्यमीहरुको स्तरोन्नती गर्ने उद्देश्यका साथ संघीय सशर्त र स्थानीय बजेट/कार्यक्रमहरु व्यवस्थापन भएकाले यस आ.व. मा सो कार्यक्रमहरु संचालन गर्न दुई वटा वडा (१ नं. वडा, चुचुरे र ३ नं. वडा, रस्नालु) छनौट गर्ने निर्णय सर्वसहमतीमा पारित गरियो ।

__निर्णय नं. ४__

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस गोकुलगंगा गाउँपालिका कार्यालयले गोकुलगंगा अस्पताल घेराबार र नामाडी स्वास्थ्य चौकी भवन निर्माण तर्फ यस चालु आ.व. ०८२/८३ मा रु. ५५/५५ लाख वजेट विनियोजन गरी विधुतिय ठेक्का आह्वान गरेकोमा यस चालु आ.व. मा सो योजनाहरुका

दिनेश भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

काजी बहादुर खड्का
अध्यक्ष

लागि छुट्याईएको बजेट रकम भन्दा बढी लागत रकममा ठेक्का आह्वान गर्नुपर्ने भएको र थप बजेट आवश्यक पर्ने देखिएकाले गोकुलगंगा अस्पताल घेराबार योजनाको हकमा अपुग रकम यस चालु आ.व. को हिउँदे सभाबाट विनियोजन गर्ने र नामाडी स्वास्थ्य चौकी भवन निर्माण योजनाको हकमा बहुवर्षिय योजनाको रुपमा ठेक्का आह्वानलाई स्वीकृति दिने निर्णय सर्वसहमतीमा पारित गरियो ।

## निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफग गर्दा गोकुलगंगा गाउँपालिका स्तरीय खेलकुद कार्यक्रम सञ्चालन व्यवस्थापन गर्नको लागि गोकुलगंगा गाउँपालिका–५, नामाडी निवासी खेलाडी श्री प्रभु खड्कालाई संयोजक र गोकुलगंगा गाउँपालिका–२, ठोसे निवासी खेलाडी श्री ऐल्सन श्रेष्ठलाई सह संयोजक पदमा दुई वर्षको लागि नियुक्ति गर्ने निर्णय गरियो ।

## निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफगल गर्दा तपशिल बमोजिमका शिक्षकहरुलाई विद्यालयको विषयगत आवश्यकताको आधारमा दरवन्दी मिलान तथा पदस्थापन गर्ने निर्णय गरियो ।

तपशिल :

| क्र. स. | शिक्षकको नाम थर | तह/श्रेणी | हाल कार्यरत विद्यालय | पदस्थापन गरिएको विद्यालय | कैफियत |
|---|---|---|---|---|---|
| १ | युवराज कार्की | प्राथमिक /तृतीय | गोकुलगंगा मावि रस्नालु | कमलादेवी मावि नामाडी | खटक ब.खड्काको रिक्त दरवन्दीमा पदस्थापन |
| २ | देवी कुमारी कार्की | प्राथमिक /तृतीय | भैरवी आवि धारापानी | गोकुलगंगा मावि रस्नालु | युवराज कार्कीको रिक्त दरवन्दीमा पदस्थापन |
| ३ | पानर्वु शेर्पा | प्राथमिक /तृतीय | ताँवे आवि ताँवे | भैरवी आवि धारापानी | देवी कार्कीको रिक्त दरवन्दीमा पदस्थापन |
| ४ | पर्भु विक | प्राथमिक/ करार | मुनादेवी आवि पासाबार | ताँवे आवि ताँवे | पानर्वु शेर्पाको रिक्त दरवन्दीमा पदस्थापन |

दिनेश भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

काजी बहादुर खड्का
अध्यक्ष

## निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस गोकुलगंगा गाउँपालिकाको गाउँसभाबाट स्वीकृत राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता श्री कमला देवि माध्यमिक विद्यालय, नामाडीमा मिति २०८२/०८/१९ देखि २१ गतेसम्म गाउँपालिकाको शिक्षा समितिले गरेको निर्णयानुसार संचालन गर्ने निर्णय सर्वसहमतीमा गरियो ।

## निर्णय नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस गोकुलगंगा गाउँपालिका कार्यालयको चालु आ.व. ०८२/८३ मा महिला विकास शाखा तर्फको घरेलु हिंसा अन्त्यका लागि बहस पैरवी तथा चेतनामुलक अभियान कार्यक्रम प्रत्येक वडाका माध्यमिक विद्यालयहरुमा वडामा भएका सम्पुर्ण विद्यालयका शिक्षकहरु, अभिभावकहरु, जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको उपस्थितिमा सो कार्यक्रम सम्बन्धित शाखाबाट संचालन गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

## निर्णय नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस गोकुलगंगा गाउँपालिका कार्यालयको महिला विकास शाखा तर्फको महिला हिंसा कानुनी साक्षरता कार्यक्रम यस गाउँपालिका कार्यालयमा कानुन विषयमा अब्वल प्रशिक्षक नियुक्त गरी महिला विकास शाखाबाट सरोकारवाला सबैको सहभागितामा सभ्य र भव्यताका साथ संचालन गर्ने निर्णय सर्वसहमतीमा गरियो ।

## निर्णय नं. १०

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस गोकुलगंगा गाउँकार्यपालिका कार्यालयको चालु आ.व. ०८२/८३ मा पशु विकास शाखाबाट कार्यान्वयन हुने गत आ.व. २०८१/०८२ मा स्थापना भएकों गाई/भैसी पकेट विकास निरन्तरता कार्यक्रमको लागि नियमानुसार सूचना प्रकाशन गरी गत आ.व. मा छनौट भएका किसानहरुको आर्थिक विकासमा प्रोत्साहन गर्ने उदेश्यले सो कार्यक्रममा सहभागिता सुनिश्चित हुने गरी कार्यक्रम संचालन/कार्यान्वयन गर्ने निर्णय सर्वसहमतीमा पारित गरियो ।

दिनेश भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

काजी बहादुर खड्का
अध्यक्ष

गोकुलगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रस्नालु, रामेछाप
बागमती प्रदेश, नेपाल

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस गोकुलगंगा गाउँकार्यपालिका कार्यालयको चालु आ.व. ०८२/८३ मा पशु विकास शाखाबाट कार्यान्वयन हुने बंगुर स्रोत केन्द्र कार्यक्रम संचालन/कार्यान्वयनका लागि सूचना प्रकाशन गर्ने निर्णय सर्वसहमतीमा पारित गरियो ।

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस गोकुलगंगा गाउँकार्यपालिका कार्यालयको चालु आ.व. ०८२/८३ मा पशु विकास शाखाबाट कार्यान्वयन हुने कृतिम गर्भादान कार्यक्रम नियमानुसार संचालन/कार्यान्वयनका लागि पशु विकास शाखालाई स्वीकृति दिने निर्णय सर्वसहमतीमा पारित गरियो ।

**निर्णय नं. १३**

प्रस्ताव नं. १३ माथि छलफल गर्दा यस गोकुलगंगा गाउँपालिकाको कार्यलयका विभिन्न विषयगत समितिहरु पुनःगठन गर्नुपर्ने भएकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १४ मा भएको व्यवस्था अनुसार तपशिल वमोजिमका विषयगत समितिहरु पुनःगठन गर्ने निर्णय गरियो ।

तपशिलः-

क) आर्थिक विकास समिति

| सि.नं. | नाम थर | पद |
|---|---|---|
| १. | श्री सुन्दर कुमार कार्की | संयोजक (वडाध्यक्ष) |
| २. | श्री मोहन मायाँ सुनुवार | सदस्य (कार्यपालिका सदस्य) |
| ३. | श्री कटक वहादुर खड्का | सदस्य (५ नं. वडा सदस्य) |
| ४. | आर्थिक विकास महाशाखा प्रमुख | सदस्य सचिव |

दिनेश मेहराइ
प्रमुख प्रशासकीय अधिकृत

काजी बहादुर खड्का
अध्यक्ष

ख) सामाजिक विकास समिति

| सि.नं. | नाम थर | पद |
|---|---|---|
| १. | श्री कैलाश सुनुवार | संयोजक (कार्यपालिका सदस्य) |
| २. | श्री राम बहादुर लामा | सदस्य (३ नं. वडा सदस्य) |
| ३. | श्री आङ्डोमा शेर्पा | सदस्य (२ नं. वडा सदस्य) |
| ४. | सामाजिक विकास महाशाखा प्रमुख | सदस्य सचिव |

ग) पुर्वाधार विकास समिति

| सि.नं. | नाम थर | पद |
|---|---|---|
| १. | श्री छत्र बहादुर बस्नेत | संयोजक (वडाध्यक्ष) |
| २. | श्री संगिता वि.क. | सदस्य (कार्यपालिका सदस्य) |
| ३. | श्री ओम कुमार खड्का | सदस्य (वडा सदस्य) |
| ४. | पुर्वाधार विकास महाशाखा प्रमुख | सदस्य सचिव |

घ) सुशासन तथा संस्थागत विकास समिति

| सि.नं. | नाम थर | पद |
|---|---|---|
| १. | श्री दिपक कार्की | संयोजक (वडाध्यक्ष) |
| २. | श्री ज्ञान कुमारी थापा मगर | सदस्य (कार्यपालिका सदस्य) |
| ३. | श्री दुर्ग बहादुर थापा | सदस्य (वडा सदस्य) |
| ४. | महाशाखा प्रमुख | सदस्य सचिव |

**निर्णय नं. १४**

प्रस्ताव नं. १४ माथि छलफल गर्दा श्री आरभी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., गोकुलगंगा-४, बेतालीलाई नियमानुसार "घ" वर्गको उक्त फर्मलाई व्यवसाय इजाजत दिने निर्णय सर्वसम्मतीले पारित गरियो ।

दिनेश भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

काजी बहादुर खड्का
अध्यक्ष

गोकुलगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रस्नालु, रामेछाप
बागमती प्रदेश, नेपाल

## निर्णय नं. १५

प्रस्ताव नं. १५ माथि छलफल हुँदा यस चालु आर्थिक वर्ष ०८२/८३ को आश्विन २४ गतेदेखि हालसम्म विभिन्न शिर्षकबाट खर्च लेखी तपशिलमा उल्लेखित ठेकेदार, फर्म तथा आपूर्तीकर्ता, परामर्शदाता, दिर्घरोगी, बेरोजगार व्यक्ती तथा आर्थिक सहयोग तथा विभिन्न आपूर्तीकर्ता तथा परामर्शदाताहरुलाई भूक्तानी भएको खर्चलाई अनुमोदन गर्ने निर्णय गरीयो ।

तपशिलः-

| आ.व. : २०८२/८३ अवधी : २०८२/०६/२४-२०८२/०७/२२ | | | |
|---|---|---|---|
| क्र.सं. | भुक्तानी पाउने | भुक्तानी रकम | कैफियत |
| १ | योगदानमा आधारित निवृत्तभरण तथा उपदान कोष | १,१९,९०१.८४ | |
| २ | नागरिक लगानी कोष निजामती जीवन विमा | ३१,२००.०० | |
| ३ | नागरिक लगानी कोष कर्मचारी बचत वृद्धि | ६९,०००.०० | |
| ४ | कर्मचारी संचय कोष | ३,२६,०२७.८० | |
| ५ | मानिक बस्नेत | १६,२००.०० | |
| ६ | आङ्गतेन्डी शेर्पा | ४४,०९९.६७ | |
| ७ | श्री प्रसाद यादब (प्रहरी) | ७,२११.०० | |
| ८ | कुमार श्रेष्ठ | ५४,०००.०० | |
| ९ | चण्डिका सुनुवार | १५,३४५.०० | |
| १० | हरि बहादुर कार्की | १,४२,५६०.०० | |
| ११ | करदाता सेवा कार्यालय मन्थली | २,१८,९५१.०५ | |
| १२ | आर.बि. मोटर ट्रेडिङ्ग कन्सर्न प्रा.लि. | १९,७५९.०० | |
| १३ | जिरो मिडिया प्रा.लि. | १,०९,५२४.४९ | |
| १४ | जाल्पादेवी आयल स्टोर | २,७१,३४१.०० | |
| १५ | थापा इन्टरप्राईजेज एण्ड सप्लायर्स | ९८,२३२.०० | |
| १६ | रेडियो तिफदी ९९.१ मेघाहर्ज | १९,७००.०० | |

दिनेश भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

काजी बहादुर बड्का
अध्यक्ष